# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

प.सं.:२०८३/०८४
सू.नं.: १५

## गहुँको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना !!!

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३ भाद्र ११ गते बिहीबार )

प्रस्तुत विषयमा यस पञ्चकन्या गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रमको संघीय सशर्त अनुदान कार्यक्रम अन्तर्गत गहुँको उन्नत बीउ बिजन प्रयोगमा प्रोत्साहन अनुदान कार्यक्रम **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२** बमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले यस गाउँपालिका भित्रका सम्पूर्ण ईच्छुक कृषक/कृषि फर्म/कृषि सहकारी संस्था/कृषक समुहले गहुँको उन्नत बीउको माग गर्नुहुन साथै तोकिएका आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन (२०८३/०५/३१ गते) भित्र यस गाउँपालिकाको कृषि विकास शाखा वा वडा कार्यालयहरुमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपशिलः**

गहुँको उन्नत बीउका जात देहाय बमोजिम हुनेछनः

| क्र.सं. | जातहरु | पाक्ने दिन | उत्पादन क्षमता मे.टन/हे. | सिफारिस क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | गौतम | ११९ | ३.४ | तराई,टार र ५०० मि. भन्दा कम उचाई भएको उपत्यका। | उन्नत बीउको मूल्य (रु. ७६ प्रति के.जी.) |
| २ | वि.एल. ४३४१ | ११८-१२२ | ५.०३ | तराई र भित्रि मधेस लगाएत समुन्द्री सतहबांट ८०० मि. उचाई सम्म। | |
| ३ | भृकुटी | १२० | ५ | तराई,टार र १००० मि.भन्दा कम उचाई भएको उपत्यका। | माथि उल्लेख भएको मूल्यमा कार्यविधिको दफा ८(३) को खण्ड (छ) अनुसार कायम हुने मूल्यको ५०% मुल्य अनुदान उपलब्ध हुने। |
| ४ | खुमलशक्ति | १६५ | ५.०९ | समुन्द्र सतहदेखी १००० देखि १७०० मि. उचाई सम्मका मध्य पहाडी क्षेत्र। | |
| ५ | धौलागिरी | १५६ | ३.६-४.९ | मध्य तथा उच्च पहाड। | |
| ६ | डब्लु.के.१२०४ | १७९ | ३.४ | मध्य तथा उच्च पहाड। | |

**आवश्यक कागजातहरुः**

- तोकिएको ढाचाँ बमोजिमको आवेदन फाराम(निवेदन)।
- कृषि फर्म/कृषि सहकारी/कृषक समूहको दर्ता तथा नविकरण भएको प्रमाणपत्र प्रतिलिपि, स्थायी लेखा नम्बर(प्यान)को प्रतिलिपि, लेखा परीक्षण सहितको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- कार्य समितिको निर्णयको प्रतिलिपि, कार्य समिति सदस्यहरुको नागरिकताको प्रतिलिपि।

**थप जानकारीका लागि कृषि विकास शाखा(९८६८३१२८०४) वा वडा नं. १(९८४५०५४९१५), वडा नं. २(९७६३३३४७४२), वडा नं. ३(९८४०००२८६५), वडा नं.४(९८४१९०३२७३), वडा नं. ५(९८५११९३९०४) मा सम्पर्क गर्न सकिनेछ।**

देव प्रसाद बुढा
कृषि विकास शाखा प्रमुख

हिराधन राई
प्रमुख प्रशासकीय अधिकृत

हिराधन राई
प्रमुख प्रशासकीय अधिकृत

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पञ्चकन्या गाउँपालिका,
लाकुरीभञ्ज्याङ, नुवाकोट।

विषयः गहुँको उन्नत बीउ माग सम्बन्धमा।

प्रस्तुत विषयमा पञ्चकन्या गाउँपालिकाको मिति २०८३/०५/११ गतेको प्रकाशित सूचना बमोजिम गहुँको उन्नत बीउ माग कार्यक्रममा म/हाम्रो श्री ........................................................................ सहभागी हुन ईच्छुक भएकोले तपशिल बमोजिमको जात र परिमाणमा गहुँको उन्नत बीउ उपलब्ध गराईदिनुहुन विनम्र अनुरोध छ।

तपशिलः

| क्र.सं. | गहुँको जात | परिमाण (के.जी.) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| जम्मा | | | |

निवेदक

कृषक/कृषि फर्म/कृषि सहकारी/कृषि समूहको नामः..........................
..............................................................................................

ठेगानाः

सम्पर्क नं. :

दस्तखतः

संस्थाको छापः